# २०८० चैत ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम सङ्घीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८१ साल वैशाख २ गते आइतबार राती १२:०० बजेदेखि अन्त्य हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २ | नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (ख) बमोजिम डा. अन्जान शाक्य, काठमाडौंलाई राष्ट्रिय सभाको रिक्त सदस्यमा मनोनीत गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| ३ | अर्थ मन्त्रालय | नेपालमा लैङ्गिक हिंसाको प्रतिक्रियालाई संस्थागत गर्ने परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने ४.६ मिलियन अमेरिकी डलर (करिब रु. ६१ करोड ३५ लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल बंगलादेश वाणिज्य सचिवस्तरीय सातौं बैठकको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) को संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | हेटौंडा-परवानीपुर-पोखरिया १३२ के.भी. प्रसारण लाइन आयोजनाको अधिकार क्षेत्र (Right of Way-Row) भित्र पर्ने निजी जग्गा र संरचनाको क्षतिपूर्ति निर्धारण गर्न क्षतिपूर्ति निर्धारण समितिको अध्यक्षमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई र सदस्यमा विद्युत विकास विभागका सि.डि.ई. लाई तोक्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुलसम्बन्धी विवाद निरूपण गर्न रायसहित प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद १ महिना थप गर्ने। |
| ७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति सिफारिस गर्न देहायको सिफारिस समिति गठन गर्ने:-<br>(क) सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री ओमप्रकाश मिश्र - अध्यक्ष<br>(ख) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य -सदस्य<br>(ग) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट देहायबमोजिमका सदस्यहरू:<br>(१) सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री जगदिशप्रसाद शर्मा पौडेल - सदस्य |

| | | |
|---|---|---|
| | | (२) डा. श्री अर्जुन कुमार कार्की -सदस्य<br>(३) श्री स्टेला तामाङ -सदस्य |
| ८ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सुन्तलालाई नेपालको राष्ट्रिय फलको रूपमा मान्यता दिने। |
| ९ | गृह मन्त्रालय | गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| १० | परराष्ट्र मन्त्रालय | संयुक्त राज्य अमेरिकाको ओहायो राज्यको लागि डा. दामोदर पौडेललाई अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गर्ने। |
| ११ | रक्षा मन्त्रालय | राष्ट्रिय सेवा दलसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १२ | अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। | |
| १३ | नेपाल मिडिया काउन्सिलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। | |
| १४ | निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूको देहायबमोजिम सरुवा गर्ने: | |

| नाम, थर | हाल कार्यरत मन्त्रालय/निकाय | सरुवा भएको मन्त्रालय/निकाय |
|---|---|---|
| श्री दिनेश भट्टराई | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| श्री अर्जुनप्रसाद पोखरेल | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रमुख तथ्याङ्क अधिकारी; राष्ट्रिय तथ्याङ्क कार्यालय |
| श्री सुमनराज अर्याल | सचिव; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सचिव; युवा तथा खेलकुद मन्त्रालय |
| श्री मुकुन्दप्रसाद निरौला | सचिव; उपराष्ट्रपतिको कार्यालय | सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| श्री विनोदप्रकाश सिंह | सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |